Regd. No.: 1746/060/061 (Lalitpur)
SWC Regd. No.: 16962
नेपाल विकास अनुसन्धान प्रतिष्ठान
Nepal Development Research Institute
NDRI

मितिः १८ भदौ २०८३, काठमाडौं

Ref. No. ५५/२०८३–८४

## प्रेस विज्ञप्ति

## साहित्यको आडमा सुर्ती उद्योगको प्रवर्द्धनप्रति नेपाल विकास अनुसन्धान प्रतिष्ठानको गम्भीर आपत्ति

नेपाल विकास अनुसन्धान प्रतिष्ठान (NDRI) ले नेपालमा सुर्तीजन्य पदार्थबाट हुने जनस्वास्थ्य क्षति, सुर्तीजन्य पदार्थ नियन्त्रणसम्बन्धी नीति तथा कानुनको कार्यान्वयन र सुर्ती उद्योगको हस्तक्षेपबारे अध्ययन, अनुसन्धान तथा नीति पैरवी गर्दै आएको छ।

यसै सन्दर्भमा प्रतिष्ठानको हालै सार्वजनिक भएको **"१२ खरी कथा प्रतियोगिता २०८३"** सम्बन्धमा गम्भीर ध्यानाकर्षण भएको छ। प्रतियोगिताको सार्वजनिक प्रचार सामग्रीमा **"A Cultural Initiative of Surya Nepal"** उल्लेख गर्दै **सूर्य नेपाल प्रा.लि.** को लोगो प्रमुख रूपमा राखिएको तथा प्रतियोगितामा रु. ५ लाख पुरस्कार घोषणा गरिएको देखिन्छ।

साहित्य र सिर्जनशीलताको प्रवर्द्धनका नाममा सुर्ती उद्योगसँग प्रत्यक्ष रूपमा जोडिएको संस्थाको संलग्नता र संस्थागत पहिचानलाई यसरी प्रवर्द्धन गरिनु जनस्वास्थ्यका दृष्टिले गम्भीर चिन्ताको विषय हो। साहित्य, कला, शिक्षा तथा संस्कृतिजस्ता व्यापक सामाजिक पहुँच भएका क्षेत्रमार्फत सुर्ती उद्योगको संस्थागत छवि निर्माण वा प्रवर्द्धन हुने गतिविधिलाई सामान्य प्रायोजन वा सांस्कृतिक पहलका रूपमा मात्र हेर्न मिल्दैन।

### कानुन स्पष्ट छ

नेपालको **सुर्तीजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८** को दफा १० ले सुर्तीजन्य पदार्थको विज्ञापन तथा प्रवर्द्धन गर्नुका साथै विभिन्न कार्यक्रमको प्रायोजन गर्न निषेध गरेको छ। त्यस्तै, ऐनको दफा १७(५)(ग) अनुसार दफा १० विपरीत कार्य गरेमा कानुनबमोजिम जरिवाना हुने व्यवस्था रहेको छ।

यस अवस्थामा **"१२ खरी कथा प्रतियोगिता २०८३"** मा **सूर्य नेपाल प्रा.लि.** को संलग्नता तथा त्यसको प्रचार–प्रसार विद्यमान कानुनी व्यवस्थाअनुकूल छ वा छैन भन्ने विषयमा सम्बन्धित नियमनकारी निकायबाट **तत्काल छानबिन गरिनु आवश्यक** छ।

नेपालमा सुर्तीजन्य पदार्थको प्रयोग जनस्वास्थ्यका लागि गम्भीर चुनौतीका रूपमा रहेको छ। उपलब्ध तथ्याङ्कअनुसार नेपालमा सुर्तीजन्य पदार्थको सेवनका कारण हरेक वर्ष करिब **३९,२०० मानिसको मृत्यु** हुने गरेको छ भने करिब **३४ प्रतिशत जनसंख्या सुर्तीजन्य पदार्थ सेवन गर्ने** गरेको देखिन्छ। यस्तो अवस्थामा सुर्ती उद्योगसँग सम्बन्धित संस्थाको सामाजिक तथा सांस्कृतिक क्षेत्रमा प्रत्यक्ष वा अप्रत्यक्ष उपस्थितिले उद्योगको संस्थागत छवि निर्माण र स्वीकार्यता बढाउने जोखिम रहन्छ।

Sanepa, Lalitpur, P.O. Box: 8975, EPC 2201, Kathmandu, Nepal Tel.: +977-1-5454975, 5437362 Fax: +977-1-5437362
E-mail: info@ndri.org.np, Web: http://www.ndri.org.np

नेपाल विकास अनुसन्धान प्रतिष्ठान स्वास्थ्य तथा खाद्य सुरक्षा मन्त्रालय र सम्बन्धित नियमनकारी निकायलाई उक्त प्रतियोगितामा **सूर्य नेपाल प्रा.लि.** को संलग्नताबारे **तत्काल छानबिन गर्न** तथा कानुनविपरीत भएको पाइएमा प्रचलित कानुनबमोजिम आवश्यक कारबाही गर्न आग्रह गर्दछ।

साथै, प्रतियोगिताका आयोजक तथा साहित्यिक क्षेत्रसँग सम्बन्धित सबै सरोकारवालालाई सुर्ती उद्योगबाट हुने कुनै पनि प्रकारको प्रायोजन, सहयोग वा संस्थागत संलग्नता स्वीकार नगर्न प्रतिष्ठान अपिल गर्दछ।

नेपाली साहित्यको विकास र साहित्यकारको सम्मान आवश्यक छ। **तर साहित्य, कला र संस्कृतिलाई सुर्ती उद्योगको प्रवर्द्धन वा संस्थागत छवि निर्माणको माध्यम बन्न दिनु हुँदैन। सूर्य नेपाल** को नाम र लोगो हटाई तथा सुर्ती उद्योगसँगको प्रत्यक्ष संस्थागत सम्बन्ध नराखी कथा प्रतियोगितालाई निरन्तरता दिन सकिएमा यो कानुनसम्मत हुनुका साथै साहित्यिक क्षेत्र र समग्र जनस्वास्थ्यका लागि समेत उपयुक्त हुने प्रतिष्ठानको ठहर छ।

डा. जय कुमार गुरुङ
वरिष्ठ अनुसन्धान विशेषज्ञ
नेपाल विकास अनुसन्धान प्रतिष्ठान (NDRI)

Sanepa, Lalitpur, P.O. Box: 8975, EPC 2201, Kathmandu, Nepal Tel.: +977-1-5454975, 5437362 Fax: +977-1-5437362
E-mail: info@ndri.org.np, Web: http://www.ndri.org.np